# सुन्दरबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार लमजुङ, गण्डकी प्रदेश, नेपाल

# SUNDARBAZAR MUNICIPALITY
## Office of the Municipal Executive
Sundarbazar, Lamjung, Gandaki Province, Nepal


सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुन्दरबजार, लमजुङ गण्डकी प्रदेश, नेपाल

प.स.२०८३/८४ मिति:-२०८३/०४/१४

च.न. –

**स्वत: प्रकाशन अन्तर्गत प्रथम त्रैमासिक प्रगति प्रतिवेदन सार्वजनिक गरिएको सम्बन्धमा**
**(सार्वजनिक गरीएको मिति २०८३/०४/१४)**

सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ को उपदफा ३ र नियमावलीको नियम ३ मा उलेलेख भए बमोजिम प्रथम त्रैमासिक प्रगति विवरण स्वत:प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागी अनुरोध छ ।

**प्रतिवेदन अवधि – २०८२/०४/०१ गते देखि २०८३ असार मसान्त सम्म (प्रथम त्रैमासिक)**

**१.निकायको स्वरुप र प्रकृति** – सरकारी, स्थानीय तह

**२.निकायको काम कर्तव्य र अधिकार** – नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम

**३.निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण**- अनुसूची-१ मा पेश भएबमोजिम/वेभसाईटमा अपडेट भएबमोजिम ।

**४.निकायबाट प्रदान गरिने सेवा**- कानुनद्धारा तोकिएबमोजिम ।

**५.सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**- नागरीक बडापत्रमा उल्लेख भएबमोजिम ।

**६.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**- नागरीक बडापत्रमा उल्लेख भएबमोजिम ।

**७.निर्णय गर्ने प्रकृया र अधिकारी** – कानुनबमोजिम ।

**८.निर्णय उपर उजुरी सुन्ने अधिकारी** – प्रमुख प्रशासकीय अधिकृत

**९.सम्पादन गरेको मुख्य मुख्य कामको विवरण** :-

सूचना अधिकारी

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

चालु आर्थिक वर्ष २०८२/८३ मा यस नगरपालिकाले हासिल गरेका मुख्य-मुख्य उपलब्धिहरू

**आर्थिक विकास क्षेत्रतर्फ,**

१. च्याउ र तरकारी उत्पादनः ७५ प्रतिशत अनुदानमा ६२० के.जी. च्याउको बीउ वितरण, च्याउ खेती तालिम तथा बाली अनुसार क्रप कटिङ कार्यक्रम सञ्चालन गरिएको छ। ९ वटा कृषि समूह मार्फत वडा नं. ३, ६, ७ र १० मा बेमौसमी तथा लहरे तरकारी बाली उत्पादन कार्यक्रम सम्पन्न भएको छ।

२. तथ्याङ्क सङ्कलन र संस्थागत समन्वयः कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम अन्तर्गत वडा नं. ३ का १४३, वडा नं. ४ का १५१ र वडा नं. ९ का १६४ घरधुरीको तथ्याङ्क सङ्कलन गरिएको छ। लमजुङ कृषि क्याम्पससँगको समन्वयमा बाली शिविर र माटो परीक्षण शिविरहरू सञ्चालन भएका छन्।

३. बाँझो जग्गा सदुपयोग र रैथाने बालीः बाँझो जग्गा सदुपयोग कार्यक्रम अन्तर्गत सार्वजनिक सूचना बमोजिम आएका आवेदनहरू संकलन गरी कृषकहरूलाई अनुदान दिने कार्य अन्तिम चरणमा पुगेको छ। रैथाने बाली प्रवर्द्धनका लागि खाद्य बैंक स्थापना गरिएको छ भने कृषि उत्पादनको बजारीकरणका लागि हाटबजार सञ्चालन कार्य निरन्तर भइरहेको छ।

४. तालिम तथा सचेतनाः विषादी र रासायनिक मलको बढ्दो प्रयोगबाट खेतबारीमा पर्ने नकारात्मक असर न्यूनीकरण सम्बन्धी तालिमका साथै कृषकहरूको क्षमता विकासका लागि ४ वटा मौरीपालन सम्बन्धी तालिमहरू सम्पन्न भएका छन्।

५. सिँचाई पूर्वाधार विकासः सङ्घ र प्रदेश सरकारसँगको समन्वयमा नगर गौरवको आयोजनाका रूपमा रहेको हाँडेटार नहर मर्मत तथा चालिसे कुलो लगायतका सिँचाई पूर्वाधार निर्माण कार्य भइरहेका छन्। साना सिँचाई पूर्वाधार अन्तर्गत वडा नं. ३, ५ र ९ मा सिँचाई कुलो निर्माण कार्य हुनुका साथै विभिन्न वडाहरूमा पाइप वितरणका कार्य गरिएका छन्।

६. परजीवी नियन्त्रण र कृत्रिम गर्भाधानः नियमित सेवा अन्तर्गत १३ हजार ८ सय ९२ पशुहरूमा आन्तरिक तथा बाह्य परजीवी नियन्त्रणका लागि उपचार सेवा प्रदान गरिएको छ भने ४ हजार ९४ पशुहरूको गोबर परीक्षण गरिएको छ। कृत्रिम गर्भाधान कार्यक्रम अन्तर्गत ४६३ वटा गाई र भैंसीमा कृत्रिम गर्भाधान सेवा प्रवाह गरिएको छ।

७. महामारीजन्य रोग नियन्त्रण (खोरेत र रेबिज विरुद्ध खोप): भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बेंसीसहरसँगको सहकार्यमा ११ वटै वडाका ५३९ वटा गाई, १,२८६ वटा भैंसी र ९९ वटा बङ्गुर गरी जम्मा १,९२४ वटा पशुहरूमा खोरेत रोग निवारण खोप प्रदान गरिएको छ। यसै अवधिमा १७९ वटा कुकुर र बिरालोहरूलाई रेबिज विरुद्धको खोप तथा ६२ वटा कुकुरहरूलाई DHPPL खोप लगाइएको छ।

सूचना अधिकारी

८. पशु स्वास्थ्य शिविर र मत्स्य पालनः वडा नं. ११ मा पशु स्वास्थ्य शिविर सफलतापूर्वक सम्पन्न गरिएको छ। साथै, मत्स्य पालनलाई प्रोत्साहन गर्न ७० प्रतिशत अनुदानमा माछाका भुरा वितरण कार्यक्रम सम्पन्न भएको छ। मौरीपालन र पशुपालन पकेट कार्यक्रमहरूलाई यस वर्ष पनि निरन्तरता दिइएको छ।

९. पर्यटन पूर्वाधारः सङ्घ, प्रदेश सरकार र पुरातत्व विभागको सहयोगमा विभिन्न झरना, पार्क, मन्दिर, पौवा, गुम्बा तथा १०८ फिट अग्लो शिव मूर्ति निर्माण कार्य अगाडि बढिरहेको छ। नगरपालिकाका विभिन्न पर्यटकीय क्षेत्रहरूमा दिशा र स्थान जनाउने सूचना बोर्डहरू राखिएका छन्।

१०. सहकारी नियमन र अद्यावधिकः नगरपालिका मातहत रहेका ५२ वटा सहकारी संस्थाहरूको नियमित अनुगमन, सहजीकरण, प्रशिक्षण, अन्तर्क्रिया तथा व्यवस्थापन परामर्शका क्रियाकलापहरू सञ्चालन भएका छन्। यसै आर्थिक वर्षबाट सुरु गरिएको सहकारी संस्थाहरूको तथ्याङ्क अद्यावधिक कार्य अन्तर्गत हालसम्म २४ वटा सहकारीको विवरण प्रणालीमा दर्ता भइसकेको छ।

११. सहकारी विकास कोषः सहकारी विकास कोष सञ्चालनका लागि आवश्यक कानुनी व्यवस्था मिलाइएको छ। साझेदार संस्थाहरूसँगको समन्वयमा कोषमा रकम जम्मा गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

१२. बेरोजगार सूचीकरण र न्यूनतम रोजगारः चालू आर्थिक वर्षमा ४०२ जना पुरुष र ४९५ जना महिला गरी जम्मा ८९७ जना बेरोजगार नागरिकहरूको सूचीकरण गरिएको छ। स्थानीय तहको लागत साझेदारीमा सूचीकृत बेरोजगारहरूलाई संलग्न मध्ये १४ जनालाई औसतमा ७१ दिनको न्यूनतम रोजगारी प्रदान गरी २ वटा योजनाहरू कार्यान्वयन गरिएका छन्। रोजगारीमा संलग्न कामदारहरूका लागि कार्यस्थलमा आधारित १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

१३. वैदेशिक रोजगार र छात्रवृत्तिः वैदेशिक रोजगारीमा जाने २२० जना व्यक्तिहरूको स्थानीय तहबाटै पुनः श्रम स्वीकृति जारी गरिएको छ। वैदेशिक रोजगारीमा रहेका श्रमिकका ७ जना प्रतिभाशाली सन्ततिहरूलाई निर्णय बमोजिम वैदेशिक रोजगार सन्तति छात्रवृत्तिक लागि सिफारिस गरिएको छ। वैदेशिक रोजगारीमा रहेका ७२७ जना र रोजगारबाट फर्किई स्वदेशमै उद्यम गरिरहेका २१३ जना व्यक्तिहरूको प्रोफाइल तयार गरिएको छ।

१४. सुरक्षित आप्रवासन : सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीका विविध पक्षबारे समुदाय स्तरमा ३०९ जनालाई सचेतना तथा गहन अभिमुखीकरण प्रदान गरिएको छ। वैदेशिक रोजगारबाट फर्किएका २२ जना व्यक्तिहरूलाई समाजमा पुनर्मिलन, पुनः एकीकरण तथा व्यावसायिक अन्तरघुलन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

सूचना अधिकारी

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

१५. व्यवसाय दर्ता र मेड्पा कार्यक्रमः व्यावसायिक सहजताका लागि सम्बन्धित वडा कार्यालयहरूबाटै व्यवसाय दर्ता गर्ने प्रणाली व्यवस्थित गरिएको छ। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत वडा नं. ९ मा व्यवसाय पूर्व सचेतना तालिम, चप्पल बनाउने तालिम सम्पन्न गरि हाल वित्तीय साक्षरता तथा बजारीकरण तालिम सञ्चालन तथा प्रबिधि हस्तान्तरण कार्य चलीरहेको छ। यस अघि कार्यक्रममा आवद्ध भई सफल अभ्यास गरिरहनु भएका मौरी पालक उद्धमीलाई एडभान्स सिप बिकास तालिम संचालन गरि प्रविधि हस्तान्तरण कार्य सम्पन्न भएको छ ।

**सामाजिक विकास क्षेत्रतर्फ,**

१. ज्येष्ठ नागरिक तथा दीर्घरोगी संरक्षणः चालू आर्थिक वर्षमा १,०४७ जना महिला र ६३४ जना पुरुष गरी जम्मा १,६८१ जना ज्येष्ठ नागरिकहरूको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको छ। ९१ जना दीर्घरोगीहरूलाई मासिक रु. ५,००० का दरले उपचार खर्च उपलब्ध गराइएको छ भने ४३ जना विपन्न नागरिकहरूलाई औषधी उपचारका लागि आवश्यक सिफारिस सेवा प्रदान गरिएको छ।
२. बाल स्वास्थ्य, पोषण तथा खोप अभियानः राष्ट्रिय भिटामिन 'ए' र जुकाको औषधी खुवाउने अभियान अन्तर्गत पहिलो चरणमा १,८९६ जना (६-५९ महिनाका) र दोस्रो चरणमा १,८६६ जना बालबालिकाहरूलाई भिटामिन 'ए' एवं क्रमशः १,७३७ जना र १,७०७ जना बालबालिकाहरूलाई जुकाको औषधी खुवाइएको छ। ११ वटै वडाहरूमा 'पूर्ण खोप वडा सुनिश्चितता दिगोपना' घोषणा गरिएको छ। साथै, पाठेघरको मुखको क्यान्सर प्रतिरोधी एच.पी.भी. खोप अभियान अन्तर्गत कक्षा ६ का २३८ जना र कक्षा ७ का ८ जना छात्राहरूलाई खोप लगाइएको छ।
३. सुन्दरबजार अस्पताल तथा विशेष उपचार सेवाः सुन्दरबजार अस्पताल मार्फत स्वास्थ्य वीमा अन्तर्गत १४,०३२ जनालाई ओ.पि.डी. सेवा, ६०२ जनालाई आकस्मिक सेवा, ४,६१३ जनालाई प्रयोगशाला सेवा, ९१० जनालाई एक्सरे र १२३ जनालाई भिडियो एक्सरे सेवा प्रदान गरिएको छ। लमजुङ जिल्ला अस्पतालको प्राविधिक सहयोगमा बालरोग तथा स्त्रीरोग सम्बन्धी विशेष विशेषज्ञ सेवा प्रवाह गरिएको छ।
४. आँखा स्वास्थ्य सेवाः भोटेओडार आँखा उपचार केन्द्रबाट ३,४५७ जनालाई आँखा उपचार सेवा प्रदान गरिएको छ। हिमालय आँखा अस्पताल, पोखराको प्राविधिक सहयोगमा १२६ जना विपन्न नागरिकहरूको मोतीबिन्दुको निःशुल्क शल्यक्रिया गरिएको छ। साथै, विद्यालयका ७५३ विद्यार्थी र समुदायका ३१० जनाको निःशुल्क आँखा परीक्षण सम्पन्न भएको छ।

सपना अधिकारी

५. मातृ-शिशु सुरक्षा तथा एम्बुलेन्स सेवाः स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरी गराउन जाने २१ गर्भवतीलाई एम्बुलेन्स खर्च र ९ जना नवजात छोरीहरूको नाममा बैंक खाता सञ्चालन (बचत) गरिएको छ। नर्सिङ स्वास्थ्यकर्मीहरूबाट १४७ जना र आमा सुरक्षा कार्यक्रम अन्तर्गत २७ जना सुत्केरी आमाहरूको घरमै गई स्वास्थ्य जाँच (घरभेट) गरिएको छ। वडा नं. १, ३ र ७ लाई 'पूर्ण प्रसूति सेवायुक्त वडा' घोषणा दिगोपना कायम गरिएको छ।

६. निःशुल्क औषधी तथा प्रविधिमा आधारित परीक्षणः रु. २४,००,००० बराबरको निःशुल्क औषधी तथा स्वास्थ्य सामग्री खरिद गरी सम्पूर्ण स्वास्थ्य संस्थाहरूलाई वितरण गरिएको छ। सुन्दरबजार अस्पतालमा ए.आई. (AI) एक्सरे मेसिनद्वारा २९५ जनाको क्षयरोग खोजपड्ताल गरिएको छ भने अन्यत्र ८९ जनाको क्षयरोग स्क्रिनिङ गरिएको छ। ५ वटा ठूला अस्पताल/केन्द्रहरूलाई २०० वटा डेङ्गी किट उपलब्ध गराई निःशुल्क परीक्षण गरिएको छ।

७. समुदाय र विद्यालय स्वास्थ्य शिक्षाः ६६ वटा आमा समूहलाई स्तनपान र स्थानीय पोषणयुक्त खाना प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ। 'सुनौलो हजार दिन' का ४८८ आमाहरूलाई पोषण अभिमुखीकरण र ५ वर्ष मुनिका १,६५० बालबालिकाहरूको पोषण लेखाजोखा गरिएको छ। वडा नं. ६ को खत्रीठाँटी सहरी स्वास्थ्य केन्द्र र वडा नं. १० को धुसेनी स्वास्थ्य चौकीलाई 'पोषणमैत्री स्वास्थ्य संस्था' घोषणा गरिएको छ। विद्यालयहरूमा पोषण, डेङ्गी, मानसिक स्वास्थ्य र किशोर-किशोरी स्वास्थ्य सम्बन्धी ९६ वटा सचेतनामूलक कार्यक्रमहरू सम्पन्न भएका छन्।

८. निःशुल्क शववाहन सेवाः नगरपालिकाको निःशुल्क शववाहन सेवा मार्फत यस अवधिमा ६९ वटा शोककुल घरपरिवारलाई राहत एवं सेवा प्रदान गरिएको छ।

९. परम्परागत चिकित्सा सेवाः सिन्दुरे र भोटेओडार आयुर्वेद औषधालय मार्फत नियमित आयुर्वेद सेवा प्रवाह भइरहेको छ। किशोर-किशोरीहरूलाई शारीरिक र मानसिक रूपमा स्वस्थ राख्न विद्यालय योग शिक्षा तथा आयुर्वेद कार्यक्रम सञ्चालन भएको छ।

१०. पञ्चकर्म सेवाः विशिष्ट आयुर्वेद चिकित्सा अन्तर्गत यस अवधिमा ५ जनालाई शीरोधारा, ४२ जनालाई स्नेहन, ५२ जनालाई स्वेदन र ८ जनालाई कटि बस्तीकर्म सेवा प्रदान गरिएको छ।

११. इमिस सफ्टवेयर र प्रविधिमैत्री शिक्षाः विद्यालयहरूको समग्र तथ्याङ्क र शिक्षकहरूको तलबभत्ता लगायतका अनुदानहरूलाई एकीकृत रूपमा इमिस सफ्टवेयर प्रणालीमा अद्यावधिक गरिएको छ। प्रविधिमैत्री शिक्षण सिकाईका लागि 'एक शिक्षक, एक ल्यापटप' कार्यक्रमको कार्यविधि/मापदण्ड तयार भई कार्यान्वयनमा रहेको छ।

१२. शैक्षिक सुपरीवेक्षण र विशेष अनुदानः यस वर्ष २० वटा विद्यालयहरूको संयुक्त अनुगमन तथा शैक्षिक सुपरीवेक्षण गरी आवश्यक प्राविधिक निर्देशन दिइएको छ। विशेष अनुदान अन्तर्गत 'आधारभूत शिक्षा सुधार कार्यक्रम' को कार्ययोजना निर्माण गरी शिक्षक-विद्यार्थी प्रतिभा पहिचान, शैक्षिक सामग्री प्रदर्शनी र विद्यालय योग शिक्षा कार्यक्रम सम्पन्न गरिएको छ। विद्यालय

पूर्वाधार मर्मत, कक्षाकोठा व्यवस्थापन र सूचना प्रविधि उपकरण खरिदका लागि सम्झौता भई कार्यान्वयन भइरहेको छ।

१३. शिक्षक मेन्टरिङ र वृत्ति मार्गनिर्देशनः सेवामा प्रवेश गरेका ४ जना नवनियुक्त स्थायी शिक्षकहरूका लागि 'शिक्षक मेन्टरिङ' कार्यक्रम सञ्चालन गरिएको छ। कक्षा ८, ९ र १० मा अध्ययनरत विद्यार्थीहरूका लागि वृत्ति मार्गनिर्देशन तथा फलो-अप कक्षाहरू सञ्चालन गरिएका छन्। बालबालिका केन्द्रहरूमा 'मिनी पार्क' व्यवस्थापनको कार्य भएको छ।

१४. मूल्याङ्कन प्रणाली र आत्मरक्षा तालिमः विद्यार्थीहरूको सिकाइ मूल्याङ्कनलाई सुधार गर्न "*सिकाइको मूल्याङ्कन भन्दा सिकाइका लागि मूल्याङ्कन*" भन्ने आधुनिक अवधारणा अनुरूप शिक्षकहरूको लागि 'निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली' सम्बन्धी पेशागत सीप विकास तालिम सम्पन्न भएको छ। माध्यमिक तहका ११३ जना छात्राहरूलाई 'छात्रा आत्मरक्षा तालिम' प्रदान गरिएको छ।

१५. सामाजिक सुरक्षा भत्ता र डिजिटल परिचयपत्रः चालू आर्थिक वर्षको हालसम्म नगरभित्रका ३,७२७ जना लाभग्राहीहरूलाई कुल १४ करोड ३२ लाख ७८ हजार ७ सय ०८ रुपैयाँ सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ। अपाङ्गता भएका ८ जना र ३२ जना ज्येष्ठ नागरिकहरूलाई डिजिटल परिचयपत्र वितरण गरिएको छ। ८५ वर्ष पुगेका २१० जना ज्येष्ठ नागरिकहरूलाई जाडो मौसममा हिटर वितरण र वडा नं. १ र २ का ८८ जना ज्येष्ठ नागरिकहरूलाई धार्मिक भ्रमण गराइएको छ।

१६. बालमैत्री वडा र लक्षित वर्ग प्रवर्द्धनः वडा नं. ६ र १० लाई 'बालमैत्री तथा पोषणमैत्री वडा' घोषणा गरिएको छ।

१७. व्यक्तिगत घटना दर्ता र बसाइँसराइः आ.व. को हालसम्म व्यक्तिगत घटना दर्ता तर्फ ३०९ जन्मदर्ता, १४७ मृत्युदर्ता, ४२ सम्बन्ध विच्छेद र १८२ विवाह दर्ता अनलाइन प्रणालीमा अभिलेख गरिएको छ। यस अवधिमा ४४ परिवार (१४९ जना) बसाइँसराइ गरी सुन्दरबजार आएका छन् भने ७१ परिवार (२१४ जना) बसाइँसराइ गरी अन्यत्र गएका छन्।

१८. खेलकुद र युवा सचेतनाः नगरस्तरीय 'सातौं राष्ट्रपति रनिङ शिल्ड' प्रतियोगिता भव्यताका साथ सम्पन्न गरिएको छ। वडाहरूमा विभिन्न खेलकुद प्रतियोगिताहरू सञ्चालन र स्थानीय क्लबहरूलाई खेल सामग्री सहयोग गरिएको छ। युवाहरूलाई कुलतबाट जोगाउन लागुऔषध दुर्व्यसन विरुद्ध सचेतना कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

**पूर्वाधार विकास क्षेत्र तर्फ,**

१. यस वर्ष भौतिक पूर्वाधार तर्फ करीब २५० वटा योजना रहेकोमा उपभोक्ता तर्फ २०७ वटा योजना सम्झौता भएकोमा २०७ वटा योजना सम्पन्न भएका छ ।

२. बोलपत्र मार्फत तेह्रमुरे चौतारा-सालीमऱ्याङ खोला मोटरबाटो, सत्रसय अर्चल्यानी च्यानपाटा सिन्दुरे बाखेजगत सडक, साना सिंचाई पूर्वाधार निर्माण सुन्दरबजार नगरपालिका वडा नं. ३,५,९,

सूचना अधिकारी

भागिरथी मन्दिर सिँढी निर्माण र च्यानपाटा दुग्ध तथा तरकारी संकलन केन्द्र भवनहरुको निर्माणाधिन अवस्थामा छ भने कोइरालाफाँट धुसेनी मल्लकुरी सडक निर्माण सम्पन्न भएको छ । यसै आर्थिक वर्षदेखि वडा नं. १० को वडागत योजना बोलपत्र मार्फत सञ्चालन गर्न शुरुवात गरिएको छ । सडक बोर्ड नेपाल सँगको साझेदारीमा मनकामना हात्तिगाडे सडक, क्याम्पसगेट–फेदीकुना ऐसेलुचौर सडक र नमुना सामुदायिक अस्पताल सडक मर्मत, तिलकस्मृति गेट हनुमान चोक कुन्छा सडक मर्मत, खहरे गहते सडक मर्मत र माछापुच्छ्रे कल्भर्ट दायाँबायाँ ढलान मर्मतको कार्य भईरहेको छ ।

३. सबै वडा कार्यालय/स्वास्थ्य संस्थाहरु सुविधा सम्पन्न बनाउनका लागि पूर्वाधार विकासका कार्यहरु भइरहेका छन् । वडा नं ५ को वडा कार्यालय भवन, तार्कुकोट स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न भएको छ । वडा नं २ को वडा कार्यालय सम्पन्न भएको छ । १५ शैय्याको चन्द्रेश्वर आधारभूत अस्पताल निर्माणाधीन अवस्था छ । वडा नं ८ को वडा कार्यालय निर्माणका लागी ठेक्का आह्वान गरिएको छ ।
४. नगरपालिकाका सबै वडा र बस्तीहरुसम्म मोटरेबल सडकको पहुँच विस्तार भएका छन् । चालु आर्थिक वर्षमा १०४ किलोमिटर भन्दा बढी सडक मर्मत/सम्भार भएको छ ।
५. सडकदेखि टाढा रहेका नदी किनाराका बस्ती तथा बासिन्दालाई सहज पहुँच पुर्‍याउन सुन्दरबजार नगरपालिकाका वडा नं. १ र २ जोड्ने फणेनी खोला, सुन्दरबजार नगरपालिका वडा नं. १ र ४ जोड्ने पाँउदी खोला, सुन्दरबजार नगरपालिका वडा नं. १ र १० जोड्ने पाउँदी खोला, सुन्दरबजार नगरपालिका वडा नं. ४ र ५ जोड्ने किरिञ्चेमा झोलुङ्गे पुलहरु निर्माणका लागि स्थानीय पूर्वाधार विभागसँग प्रस्ताव गरिएको छ ।
६. त्यसै गरी संघ तथा प्रदेश सरकारसँगको समन्वयमा नगरपालिका भित्रका विभिन्न सडक कालोपत्रे तथा ढलान कार्य भइरहेको छ । हाल सम्म २३ वटा नक्सा पास गरिएको छ । जग्गा वर्गीकरण अन्तर्गत भू-उपयोग नक्सा तयार गरी कित्तागत विवरण नापी विभागबाट स्वीकृती भई सार्वजनिक जानकारीको लागी सूचना प्रकासन गरिएको छ । वृहत् खानेपानी आयोजनाः सङ्घीय सरकारसँगको रणनीतिक साझेदारीमा नगरवासीलाई स्वच्छ खानेपानी पुर्‍याउन 'सुन्दरबजार वृहत् खानेपानी आयोजना' र 'तुर्लुङकोट वृहत् खानेपानी आयोजना' को निर्माण कार्य द्रुत गतिमा अगाडि बढिरहेको छ।

वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ

१. संघ तथा प्रदेश सरकारको सहयोगमा सुन्दरबजार नगरपालिका वडा नं २ ,३,५ र ७ मा हरित पार्क निर्माण, खोला तथा नदी संरक्षण कार्यक्रम सञ्चालन भएका छन् ।
२. विगत केही वर्षदेखि विपद जोखिम स्थानका रुपमा रहेको लेखपानी पहिरो नियन्त्रणको लागि कार्य कार्यान्बयनको चरणमा छ ।

सूदना अधिकारी

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

३. सुन्दरबजार नगरपालिका क्षेत्रभित्र रहेका नदी, खोला, खोल्सी, कुलो तथा प्राकृतिक पानीका बहाव क्षेत्रहरूको अतिक्रमण, अव्यवस्थित संरचना निर्माण, बाढी तथा कटान जोखिम लगायतका समस्या समाधानका लागि सुन्दरबजार नगरपालिकाका खोला तथा खोल्सीहरुको किनार स्थायी संरचना निर्माण सम्बन्धी मापदण्ड २०८२ तयार गरिएको छ । मनसुनजन्य विपद प्रभावित सुन्दरबजार नगरपालिकाका लाभग्राहीहरुको पहिलो किस्ता बापतको रकम सम्बन्धित लाभग्राहीको खातामा भुक्तानी दिन सुरु गरिएको छ ।

४. फोहोरमैला व्यवस्थापनः नगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइट सुदृढीकरण कार्यक्रमलाई निरन्तरता दिइएको छ। गत आर्थिक वर्षवाट यस क्षेत्रवाट १० लाख रुपैयाँ आन्तरिक राजस्व संकलन हुने व्यवस्था मिलाइएको छ। फोहोर प्रशोधन केन्द्रमा आधुनिक उपकरणहरू जडान गर्नका लागि आवश्यक पर्ने विद्युत् प्रसारण लाइन निर्माण कार्य सम्पन्न भएको छ।

५. वातावरणीय सुधार र नागरिकको सहजताका लागि निजी वन नगरपालिकाबाटै दर्ता गर्ने व्यवस्था मिलाइएको छ, जस अन्तर्गत हालसम्म ८ वटा निजी वन दर्ता भइसकेका छन्।

**संस्थागत विकास तथा सुशासन तर्फ,**

१. विद्युतीय हाजिरी र जनशक्ति परिचालनः प्रशासनिक अनुशासन कायम गर्न एकीकृत विद्युतीय हाजिरी प्रणालीलाई अनिवार्य गरिएको छ। नगरपालिकाको सेवा प्रवाहलाई चुस्त, दुरुस्त तथा नागरिक मैत्री बनाइराख्न आवश्यक संस्थागत प्रबन्धहरू मिलाइएको छ। सन्निकटताको सिद्धान्त अनुरूप नागरिकलाई पायक पर्ने गरी वडा स्तरमा आवश्यक जनशक्तिको व्यवस्थापन गरिएको छ।

२. नागरिकको मत, अभिमत तथा नगरपालिकाको काम-कारवाहीप्रतिको जिज्ञासु भावनालाई उच्च कदर गर्दै नियमित रूपमा सार्वजनिक सुनुवाइ, गुनासो सुनुवाई व्यवस्थापन, र प्रगति समीक्षा कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

३. कानुनी प्रबन्ध र स्थानीय राजपत्रः नगरपालिकाको काम-कर्तव्यलाई थप व्यवस्थित गर्न तथा सेवा प्रवाहमा सरलता ल्याउन हालसम्म ३१ वटा ऐन, ३७ वटा कार्यविधि, ३ निर्देशिका, ३ नियामावली, १ बिनियमावाली, १ आचारसंहिता, ४ मापदण्ड, ३ नीति तथा १ रणनीति निर्माण गरिएको छ। नगरपालिकाबाट जारी भएका सम्पूर्ण कानुनहरूलाई पारदर्शिता र आम नागरिकको जानकारीका लागि स्थानीय राजपत्रमा प्रकाशन गरी कार्यालयको आधिकारिक वेबसाइटमार्फत सार्वजनिक गरिएको छ।

४. उपभोक्ता हित र बजार अनुगमनः उपभोक्ताहरूको हक र हितलाई ध्यानमा राख्दै बजारमा कृत्रिम अभाव, कालोबजारी र अखाद्य वस्तुको बिक्री-वितरण रोक्न समयसापेक्ष रूपमा बजार अनुगमन कार्यक्रम सञ्चालन गरिएको छ।

सूचना अधिकारी

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

५. सवारी तथा निजी वन नियमनः सर्वसुलभ र व्यवस्थित स्थानीय यातायातका लागि हालसम्म नगरभित्र ११९ वटा अटो रिक्सा दर्ता गरी नियमन गरिएको छ।

६. गैरसरकारी संस्थासँग साझेदारीः विभिन्न गैरसरकारी संस्थाहरूसँगको सहकार्यमा बालमैत्री स्थानीय शासन, मुख स्वास्थ्य,हाटबजार व्यवस्थापन र लघु उद्यमका कार्यक्रमहरू नतिजामुखी ढङ्गले सञ्चालन गरिएका छन्।

७. सुरक्षा पूर्वाधार र सिसिटिभी जडानः नगरभित्र शान्ति सुरक्षा तथा अमनचयन कायम गर्न र अपराध नियन्त्रणमा सहयोग पुऱ्याउन नेपाल प्रहरीलाई प्राविधिक रूपमा सुदृढ बनाइएको छ। यस अन्तर्गत सुन्दरबजार नगरपालिकाका मुख्य प्रवेशद्वारहरू तथा बढी भिडभाड हुने चोक र सहरी क्षेत्रमा सिसिटिभी क्यामरा जडान तथा मर्मत गरी सञ्चालनमा ल्याइएको छ।

८. न्यायिक समितिको सफलताः विवाद निरूपणमा उल्लेखनीय सफलता हासिल गर्दै न्यायिक समितिमा यस आर्थिक वर्षमा दर्ता हुन आएका कुल ३३ वटा उजुरीहरू मध्ये २५ वटा उजुरी उपर द्विपक्षीय छलफल गराई मिलापत्र गराइएको छ। ५ वटा उजुरीहरू हाल छलफलको प्रक्रियामा रहेका छन् भने ३ वटा उजुरीहरू न्यायिक समितिको क्षेत्राधिकारभित्र नपरेकाले कानुनी रीत पुऱ्याई सम्बन्धित निकायमा पठाइएको छ।

**१०.सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद**

| सूचना अधिकारी | कार्यालय प्रमुख |
|---|---|
| ऋषि राम पौडेल | रमेश घर्ति |
| प्रशासकीय अधिकृत | प्रमुख प्रशासकीय अधिकृत |
| ९८५६००८१४० | ९८५६०१०१११ |

**११.ऐन नियम विनियम वा निर्देशिकाको सूचि** – अनुसूचिमा २ मा पेश भएबमोजिम/वेभसाईटमा अपडेट भएबमोजिम।

**१२. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अधाबधिक विवरण –**

१. राजस्व संकलनको अवस्थाः चालू आर्थिक वर्षमा कुल २ करोड ५ लाख रुपैयाँ आन्तरिक राजस्व संकलन गर्ने अनुमान (प्रक्षेपण) गरिएकोमा असार मसान्तसम्म १ करोड ५७ लाख १७ हजार ७५ रुपैयाँ राजस्व संकलन भइसकेको छ।

२. लेखापरीक्षण र बेरुजु फछ्र्योटः आर्थिक वर्ष २०८२/८३ को आन्तरिक/अन्तिम लेखापरीक्षण कार्य सम्पन्न भई अन्तिम प्रतिवेदन प्राप्त भएको छ। यसै गरी, आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजुहरू फछ्र्योट गरी संपरीक्षणका सम्पन्न भएको छ।

सूचना अधिकारी

३. वित्तीय प्रगतिको संक्षिप्त चित्रः चालू आर्थिक वर्षका कुल विनियोजित बजेट रु. ६३ करोड ७१ लाख ४३ हजार ९१६ मध्ये चालू तर्फ रु.४३८२९८३४९ (८५.१७ %) तथा पुँजीगततर्फ रु.५८५९१०८४ (४६.९२%) गरि समग्रमा ७७.७९% बित्तिय प्रगति भएको छ ।

**१३. तोकिएबमोजिमका अन्य विवरण-** उपलब्ध भएसम्मका सम्पूर्ण सूचनाहरु **वेभसाईट-** sundarbazarmun.gov.np **फेसबुक पेज** sundarbazar municipality मा राख्ने गरिएको सो आधारमा आवश्यक विवरण प्राप्त गर्न सकिने व्यहोरा अनुरोध छ ।

सूचना अधिकारी

**बोधार्थ-**

श्री संचार तथा सूचना प्रविधि मन्त्रालय, सिहंदरबार, काठमाडौं

श्री राष्ट्रिय सूचना आयोग, काठमाडौं

श्री सूचना प्रविधि अधिकृत सुन्दरबजार – वेभसाईटमा सार्वजनिक गरी सोको जानकारी उपर उल्लेखित निकायमा पठाउने ।

अनुसूचि-१

| क्र.सं. | कर्मचारी नाम | पद | शाखा | मोबाइल |
|---|---|---|---|---|
| १ | रमेश घर्ति | प्रमुख प्रशासकीय अधिकृत | सा.प्र | ९८५६०१०१११ |
| २ | विवेक कुमार पण्डित | प्रशासकीय अधिकृत | सा.प्र | ९८५१२०९०८३ |
| ३ | ऋषि राम पौडेल | प्रशासकीय अधिकृत | यो.शा. | ९८४६४१९५९७ |
| ४ | कल्पना पौडेल रेग्मी | लेखा अधिकृत | आ.प्र. | ९८४६३६२०५७ |
| ५ | अतित खनाल | इन्जिनियर | पू.वि.शा. | ९८४६१६९३६४ |
| ६ | ओम कुमारी श्रेष्ठ | कृषि अधिकृत | कृ.वि.शा | ९८४४९०१४२४ |
| ७ | भुपेन्द्र वि.सी. | पशु विकास अधिकृत (सातौं) | प.से.शा | ९८६८११५२७७ |
| ८ | विरेन्द्र गौतम | शिक्षा अधिकृत | शि.शा. | |
| ९ | राजिव घिमिरे | सहायक प्रशासकीय अधिकृत | सा.प्र | ९८४१०२०८१३ |
| १० | नविन अधिकारी | सहायक आ.ले.प. अधिकृत | सा.प्र | ९८४९४६५२३५ |
| ११ | शिव श्रेष्ठ | सहायक प्रशासकीय अधिकृत | वडा न १० | ९८६०६८७५७८ |
| १२ | निर्मला पौडेल | महिला विकास निरिक्षकं | म.बा.शा. | ९८४६१८०१३० |
| १३ | नारायण जोशी | इन्जिनियर | पू.वि.शा. | ९८४६०७४७३४ |
| १४ | नविना नेपाल | न्यायिक सहजकर्ता | सा.प्र | ९८४३४६४२६४ |
| १५ | मन्जु भण्डारी | वरिष्ट सब इन्जीनियर | पू.वि.शा. | ९८४६१९३०३६ |
| १६ | सुजन मिश्र | सूचना प्रबिधि अधिकृत | सु प्र | ९८४९३२००३० |
| १७ | रविन्द्र पौडेल | सहायक शिक्षा अधिकृत | शि.शा. | ९८४५५५३३२७ |
| १८ | पर्जुन सापकोटा | रोजगार संयोजक | रोजगार | ९८४१३८०३७५ |
| १९ | सुरेश प्रसाद अधिकारी | अधिकृत छैटौ | कृ.वि.शा | ९८४६१०८५०३ |
| २० | बुद्धि लाल तामांग | पशु चिकित्सक | प.से.शा | ९८५५०८३३५७ |
| २१ | अस्मिता सापकोटा | कृषि स्नातक | कृ.वि.शा | ९८४५६३०४६४ |

सूचना अधिकारी

| | | | | |
|---|---|---|---|---|
| २२ | सबिना बस्याल | सब इन्जिनियर | पू.वि.शा. | ९८६०४९२०८६ |
| २३ | ललित बहादुर तिवारी | स्रोत व्यक्ति | शि.शा. | ९८४६०७४७१३ |
| २४ | सुस्मिता भट्टराई | सहायक पाचौ | म.बा.शा. | ९८६५२४५५३२ |
| २५ | हरि प्रसाद कुमाल | सहायक पाचौ | सा.प्र | ९८४६१२०९७० |
| २६ | सिताराम प्रसाद शाह | सहायक पाचौ | वडा न ७ | ९८६५२०१६०७ |
| २७ | अप्सरा न्यौपाने | सहायक पाचौ | वडा न ९ | ९८६०६६१६२५ |
| २८ | लोकेन्द्र थापा | सहायक पाचौ | वडा -१ | ९८४८१७१२१८ |
| २९ | खकेन्द्र बिष्ट | सहायक पाचौ | वडा न १० | ९८६६७६२८५६ |
| ३० | शत्रुधन प्रसाद शाह | सहायक पाचौ | वडा-२ | ९८४३५७११६७ |
| ३१ | योगेश्वर चौधरी | सहायक पाचौ | वडा-४ | ९८६५३४४९६८ |
| ३२ | रामकृष्ण ढकाल | सहायक पाचौ | वडा -१ | ९८५६०४६५७६ |
| ३३ | सुनिल पौडेल | पशु स्वास्थ प्राविधिक | प.से.शा | ९८४४५४१३१६ |
| ३४ | कृष्णराज सेढाई | लेखापाल | सा.प्र | ९८४१०१८९१६ |
| ३५ | साजिता पौडेल | सहायक पाचौ | सा.प्र | ९८४९४४३८७२ |
| ३६ | कृष्ण पौडेल | सहायक पाचौ | वडा नं.३ | ९८४६५७२७३१ |
| ३७ | बालकृष्ण वली | प्राविधिक सहायक | कृ.वि.शा | ९८६६८५३२२६ |
| ३८ | विकास सेढाई | सब इन्जिनियर | पू.वि.शा. | ९८४३२९३५५९ |
| ३९ | भुनेश्वर कुमार साह | सब इन्जिनियर | वडा न ७ | ९८४२०००१७५ |
| ४० | रामु राजी | सब इन्जिनियर | वडा-४ | ९७४५९३२१११ |
| ४१ | किशोर यादव | असिस्टेन्ट सब इन्जिनियर | वडा न १० | ९८६८९०४५९३ |
| ४२ | अनिल बडाल | असिस्टेन्ट सब इन्जिनियर | पू.वि.शा. | ९८४८४७१८४२ |
| ४३ | मनोज पुन मगर | असिस्टेन्ट सब इन्जिनियर | वडा -१ | ९८६४९२३६९५ |
| ४४ | गोकर्ण कुवँर | असिस्टेन्ट सब इन्जिनियर | वडा-११ | ९७४९७०६९७७ |
| ४५ | मनिष पौडेल | असिस्टेन्ट सब इन्जिनियर | पू.वि.शा. | ९८५५०८६२४६ |
| ४६ | तेजु खत्री | नायब प्राविधिक सहायक | कृ.वि.शा | ९८६६९४८४४० |
| ४७ | दिल बहादुर तमाङ | सहायक चौथो | वडा न ५ | ९८५६०४५४९९ |
| ४८ | भागवत कुमार पण्डित | सहायक चौथो | वडा न ६ | ९८५६०४६४५५ |

सूचना अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ४९ | सुसन न्यौपाने | अमिन | पू.वि.शा. | ९८४५३९००४३ |
| ५० | शिवहरि मिश्र | नायव पशु स्वास्थ्य प्राविधिक | प.से.शा | ९८६६०२२३४७ |
| ५१ | कान्ता घिमिरे | नायव प्राविधिक सहायक | कृ.वि.शा | ९८४५६३४०५९ |
| ५२ | तिल कुमारी श्रेष्ठ | नायव प्राविधिक सहायक | कृ.वि.शा | ९८४४९९६०६० |
| ५३ | रामचन्द्र तिवारी | नायव पशु स्वास्थ्य प्राविधिक | वडा नं.३ | ९८४६१९३८७४ |
| ५४ | कमला राना | पशु स्वास्थ प्राविधिक | प.से.शा | ९८४६६३०९०० |
| ५५ | सन्तोष पोखरेल | एम आइ एस | सा.प्र | ९८४६५६०१९८ |
| ५६ | मिना पाण्डे | सहायक लेखापाल | आ.प्र. | ९८६७४३४०१८ |
| ५७ | धन कुमारी दुरा | सहायक चौथो | अस्पताल | ९८४९८७६८९७ |
| ५८ | सन्तोष वि.क. | सहायक कम्प्युटर अपरेटर | वडा-२ | ९८४६५५६६०३ |
| ५९ | विपना अधिकारी | सहायक कम्प्युटर अपरेटर | सा.प्र | ९७६२८५३३३५ |
| ६० | मिना महर | उद्यम विकास सहजकर्ता | सा.प्र | ९८६९७०७४८६ |
| ६१ | कोपिला थापा मगर | उद्यम विकास सहजकर्ता | सा.प्र | ९८१२२५८७९१ |
| ६२ | विपिन घर्ति | रिटर्नी स्वयमसेवक | वडा न ६ | ९७०३५८१२०५ |
| ६३ | मनोज दुरा | रिटर्नी स्वयमसेवक | वडा न १० | ९८०८५६३४५७ |
| ६४ | कविता घिमिरे अधिकारी | फिल्ड सहायक | वडा न ९ | ९८४६३६८०९८ |
| ६५ | सुमित्रा पण्डित | सामाजिक परिचालक | वडा न १० | ९८४८९१९१३७ |
| ६६ | बिमल भट्ट | सवारी चालक | सा.प्र | ९८४६१९१६९५ |
| ६७ | निर्मल न्यौपाने | सवारी चालक | सा.प्र | ९८४६२४८०४७ |
| ६८ | कृष्ण बहादुर राना | सवारी चालक | सा.प्र | ९८४६००९२९१ |
| ६९ | कमल गिरी | कार्यालय सहयोगी | वडा न ८ | ९८२७४१४८०४ |
| ७० | सुर्य बहादुर घर्ती | कार्यालय सहयोगी | वडा न ७ | ९८४६३१५४७१ |
| ७१ | दुर्गा प्रसाद खनिया | कार्यालय सहयोगी | सिस्वाचौ | ९७६५६५०९५९ |
| ७२ | हरिमान श्रेष्ठ | कार्यालय सहयोगी | सा.प्र | ९८४६४५७६४३ |
| ७३ | हरिश्चन्द्र ढकाल | कार्यालय सहयोगी | प.से.शा | ९८६६०२१६२७ |
| ७४ | शोभा मजाकोटी | कार्यालय सहयोगी | वडा न ५ | ९८४६३०११८० |

सूचना अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ७५ | किनु माया भुजेल | कार्यालय सहयोगी | वडा-४ | ९८४६३१४३०८ |
| ७६ | लक्ष्मण लौडारी | कार्यालय सहयोगी | कृ.वि.शा | ९८४६०७४७८४ |
| ७७ | चन्द्र बहादुर घर्ति | कार्यालय सहयोगी | धु स्वा | ९७४५५३०४२० |
| ७८ | किसान कुमाल | कार्यालय सहयोगी | सा.प्र | ९८०६७०५१२२ |
| ७९ | चन्द्रा देवी दुरा | कार्यालय सहयोगी | वडा-११ | ९८४६१९३७०१ |
| ८० | देवी माया राना आले | कार्यालय सहयोगी | वडा न १० | ९८४६७००७९५ |
| ८१ | दुर्गा गुरुङ | कार्यालय सहयोगी | वडा -१ | ९८४६०९९८८८ |
| ८२ | मिरा अधिकारी | कार्यालय सहयोगी | वडा-४ | ९८४६१९२१८८ |
| ८३ | शारदा पौडेल | कार्यालय सहयोगी | वडा न ६ | ९८४६३१४६५५ |
| ८४ | विमला न्यौपाने | कार्यालय सहयोगी | चप्रास्वा | ९८४०७३९८५० |
| ८५ | कल्पना अधिकारी थापा | कार्यालय सहयोगी | भो.आ | ९८६५४३५८४३ |
| ८६ | राधिका मिश्र | कार्यालय सहयोगी | अस्पताल | ९८२९११४६५६ |
| ८७ | कुमाल | कार्यालय सहयोगी | सा.प्र | ९८४३८८३८२३ |
| ८८ | कृष्ण माया गुरुङ्ग | कार्यालय सहयोगी | वडा -१ | ९७६५९४९४२३ |
| ८९ | राज्य अधिकारी | कार्यालय सहयोगी | वडा-२ | ९८४९०४९०२० |
| ९० | हरि ब घर्ति | कार्यालय सहयोगी | श स्वा के | ९८४६१२६१२७ |
| ९१ | निशा तामाङ | कार्यालय सहयोगी | स्वा. चौ | ९८१७१६१३६० |
| ९२ | सरिता कुमाल | कार्यालय सहयोगी | अस्पताल | ९८०६५११२७६ |
| ९३ | निर्मला जोशी | कार्यालय सहयोगी | अस्पताल | ९८४६२६५७३० |
| ९४ | धन बहादुर घर्ती | कार्यालय सहयोगी | अस्पताल | ९८०२४८५५५८ |
| ९५ | कुन्ता थापा | कार्यालय सहयोगी | कुस्वाचौ | ९८४१६४९४६६ |
| ९६ | तुलसी दुरा | कार्यालय सहयोगी | सिआऔ | ९८४०२३७३८६ |
| ९७ | अनिता अधिकारी | कार्यालय सहयोगी | वडा न ९ | ९८४६१९२३४७ |
| ९८ | अनिता सार्की गुरुङ | कार्यालय सहयोगी | अस्पताल | ९८०६५४१६५९ |
| ९९ | सुनिता मिश्र | कार्यालय सहयोगी | अस्पताल | ९८४५३७०१६६ |
| १०० | पुष्पा दुरा | कार्यालय सहयोगी | श.स्वा. के | ९७६२११२८२ |
| १०१ | सलिना गुरुङ | कार्यालय सहयोगी | शस्वाके | ९८२९१७६९७८ |
| १०२ | सुनिता विष्ट | कार्यालय सहयोगी | वडा न १० | ९८६५२६८०४१ |
| १०३ | बाबुराम कमली | कार्यालय सहयोगी | दुस्वाचौ | ९८४६१३८८०६ |
| १०४ | अन्जना दुरा | कार्यालय सहयोगी | वडा नं.३ | ९८२५१८८९५७ |
| १०५ | सीता पण्डित | कार्यालय सहयोगी | सा.प्र | ९८१६६६८६७४ |
| १०६ | विर बहादुर के.सी. | कार्यालय सहयोगी | सा.प्र | ९८६२३८४०३३ |
| १०७ | किरण कोइराला | कार्यालय सहयोगी | स्वा.शा. | ९८०५८९४३७० |
| १०८ | विश्वास घले | कार्यालय सहयोगी | भोस्वाचौ | ९८०४११४५६१ |
| १०९ | मेघ लामा | कार्यालय सहयोगी | स्वा.शा. | ९८०६५५६३२० |

सूचना अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ११० | सरिस्मा वि.क. | कार्यालय सहयोगी | लामिखेत | ९८१४१५०९०४ |
| १११ | अस्मिता श्रेष्ठ | कार्यालय सहयोगी | प. स्वा चौ | ९७०८७०६९०२ |
| ११२ | रमा कुमाल | कार्यालय सहयोगी | प. स्वा चौ | ९८२०९५०९८८ |
| ११३ | बुद्धि बहादुर गुरुङ | कार्यालय सहयोगी | भोटेवडार | ९७०८९४६२६५ |

सूचना अधिकारी

## स्वास्थ्य तर्फ

| क्र.सं. | कर्मचारी नाम | पद | शाखा | मोबाइल |
|---|---|---|---|---|
| १ | परमेश्वर पिया | जनस्वास्थ्य अधिकृत | स्वा.शा. | ९८४६०७४३२६ |
| २ | प्रशान्त मिश्र | मेडिकल अधिकृत | अस्पताल | ९८६०७१५५३७ |
| ३ | प्राथमिक श्रेष्ठ | मेडिकल अधिकृत | अस्पताल | ९८६६४३११९५ |
| ४ | युवाहरी कोइराला | वरिष्ठ जनस्वास्थ्य निरीक्षक | धु स्वा | ९८४६३१४७६३ |
| ५ | रामेश्वर सेढाई | सि अ हे व अ | प. स्वा चौ | ९८५६०४६३५० |
| ६ | निर्मल अधिकारी | सि अ हे व अ | स्वा.शा. | ९८४६१२६१३५ |
| ७ | दिपक पण्डित | सि अ हे व अ | अस्पताल | ९८४६४३५०४७ |
| ८ | अच्युत अधिकारी | सि अ हे व अ | स्वा. चौ | ९८४६१९३०८० |
| ९ | लक्ष्मी कंडेल | प हे न | स्वा.शा. | ९८४६७००३५२ |
| १० | पध्म नाभ ढकाल | जनस्वास्थ्य निरिक्षक | चप्रास्वा | ९८४५७०८९५३ |
| ११ | सुनिल कुमार झा | कविराज निरीक्षक | सिआऔ | ९८४५१३४९३९ |
| १२ | सरला लौडारी खनिया | जनस्वास्थ्य निरिक्षक | दुस्वाचौ | ९८४६१४४१३९ |
| १३ | मुक्ति भण्डारी | सि.अ.हे.व | अस्पताल | ९८४७६३६७७२ |
| १४ | शारदा अधिकारी के.सी | सि.अ.हे.व | स्वा. चौ | ९८४३४२५६७८ |
| १५ | कल्पना ढकाल अधिकारी | सि अ न मि | भोस्वाचौ | ९८४६०९९५५९ |
| १६ | पूर्ण माया गरुङ | सि.अ.न.मि | दुस्वाचौ | ९८४६४२७६५६ |
| १७ | सुकमाया तमाङ | सि.अ.हे.व | स्वा. चौ | ९८४६११४९५९ |
| १८ | सपना परियार | सि अ न मि | अस्पताल | ९८६५५९७७४८ |
| १९ | सरस्वती के.सी | सि.अ.न.मि | श.स्वा. के | ९८४६१२८९९२ |
| २० | मीन कुमारी दुरा | सि अ न मि | प. स्वा चौ | ९८६०४३२६६१ |
| २१ | अमृता दुरा | सि अ न मि | सिस्वाचौ | ९८४६३३९४०१ |
| २२ | खेम राज परियार | सि.अ.हे.व | प. स्वा चौ | ९८४५५९१६५५ |
| २३ | निशा पन्त | अस्पताल नर्सिङ निरिक्षक | अस्पताल | ९८४६७३०३०३ |
| २४ | केशरी गिरी | अस्पताल नर्सिङ निरिक्षक | अस्पताल | ९८६६०२२८४५ |
| २५ | केशव बराल | वरिष्ट वैद्य | भो.आ | ९८४६२७२००० |
| २६ | लौ कुमारी गुरुङ | अ.न.मी. | भोटेवडार | ९८४१९४२५६१ |
| २७ | किनारा दुरा | अ.न.मी. | कुस्वाचौ | ९८०५८४८१६९ |

सूचना अधिकारी

| | | | | |
|---|---|---|---|---|
| २८ | शिला गुरुङ | अ न मि | श स्वा के | ९७०६७६६५३८ |
| २९ | सृजना पोखरेल | अ.न.मी. | श.स्वा. के | ९८४६१६५८५० |
| ३० | सुनिता पोखरेल | अ.न.मी. | चप्रास्वा | ९८६१४५६५८२ |
| ३१ | अनुपा रेग्मी | अ.न.मी. | अस्पताल | ९८४६७३८८२३ |
| ३२ | तिलुमाया | अ.न.मी. | लामिखेत | ९८६६०५५०८५ |
| ३३ | आस्मिना मिया | अ न मि | धु स्वा | ९८०४१५२७८६ |
| ३४ | अन्जु कुमाल | अ न मि | स्वा. चौ | ९८४३८९९२४९ |
| ३५ | रचना खनिया कुवँर | अ.न.मी. | शस्वाके | ९८१३८८५३९२ |
| ३६ | रक्षा खाती | अ.न.मी. | चप्रास्वा | ९८१४२२३६३५ |
| ३७ | चन्द्रा कामी | अ.न.मी. | प. स्वा चौ | ९८६१३७५९७९ |
| ३८ | कुमारी (तामाङ) कार्की | अ.न.मी. | भोस्वाचौ | ९८६०८३५५५५ |
| ३९ | डमरु महर | अ.न.मी. | कुस्वाचौ | ९८६८८९१२४६ |
| ४० | डुल कुमारी पौडेल | अ.न.मी. | स्वा. चौ | ९७४६४७१७२२ |
| ४१ | शान्ती जोशी | अ.न.मी. | चप्रास्वा | ९८४८६४५९४४ |
| ४२ | डम्बरी माया मगर | अ.न.मी. | चप्रास्वा | ९७६२४४३५८७ |
| ४३ | श्री प्रसाद ढकाल | नेत्र सहायक | भोटेवडार | ९८४६११३१०० |
| ४४ | सन्तलाल सहनी | कविराज निरीक्षक | भो. आ | ९८४५२८०५०८ |
| ४५ | ज्ञान बहादुर सेढाइ | ल्याब टेकनिसियन निरिक्षक | अस्पताल | ९८४६४२९६६४ |
| ४६ | टिका माया लिम्बु | ल्याब असिस्टेन्ट | चप्रास्वा | ९८२४०९९०२० |
| ४७ | ममता रिमाल | स्टाफ नर्स | अस्पताल | ९८४६४८९२९८ |
| ४८ | सानी माया तमाङ | स्टाफ नर्स | अस्पताल | ९८६४४९२९९२ |
| ४९ | संकल्प गुरुङ | अ हे व | श स्वा के | ९८४६३७२०१० |
| ५० | इश्वरी नेपाल | अ हे व | स्वा.शा. | ९८६२३८२३०६ |
| ५१ | संगीता दुरा दोर्धे | अ हे व | लामिखेत | ९८४९४९१५२८ |
| ५२ | संजय के.सी. | अ हे व | कुस्वाचौ | ९८४००४०८१८ |
| ५३ | सन्तोष पाण्डेय | अ हे व | चप्रास्वा | ९८६५८२९०९५ |
| ५४ | मनिसरा खाम्चा मगर | अ हे व | धु स्वा | ९८४२०८७३५५ |
| ५५ | रविन्द्र राउत | अ हे व | स्वा.शा. | ९७४६६७१८०४ |
| ५६ | सन्जु कार्की | अ हे व | प. स्वा चौ | ९७४९४२९७२८ |
| ५७ | रियाज अन्सारी | अ हे व | स्वा.शा. | ९८४४५१०८३७ |
| ५८ | गणेश गिरी | अ हे व | सिस्वाचौ | ९७४२२०८७८७ |
| ५९ | रियाज अंसारी | अ हे व | स्वा.शा. | |
| ६० | उर्मिला जोशी | ल्याब असिस्टेन्ट | अस्पताल | ९८६७०९६९७१ |

सूचना अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ६१ | राधिका पौडेल | नेत्र सहायक | स्वा.शा. | ९८६९३८२४१४ |
| ६२ | ममता चौधरी | स्टाफ नर्स | चप्रास्वा | ९७४२३८६३०४ |
| ६३ | नविना कुवर | स्टाफ नर्स | अस्पताल | ९८१६६६६९३० |
| ६४ | संस्कृति भण्डारी | रेडियोग्राफर | अस्पताल | ९७४३२५९४१९ |
| ६५ | सुमन पौडेल | हेल्थ असिस्टेन्ट | श स्वा के | ९८४७७१५२१५ |
| ६६ | रामशरण आचार्य | हेल्थ असिस्टेन्ट | स्वा.शा. | ९८५५०५२०६३ |
| ६७ | पवन कुमार गुप्ता | हेल्थ असिस्टेन्ट | भोस्वाचौ | ९८४५३३७३४१ |
| ६८ | वुधराज योङ्गहाङ्ग | हेल्थ असिस्टेन्ट | अस्पताल | ९८०६०९७७१६ |
| ६९ | धिरेन्द्र महरा | हेल्थ असिस्टेन्ट | अस्पताल | ९७४५८४२५१९ |
| ७० | समिक्षा किरण बुढा मगर | हेल्थ असिस्टेन्ट | दुस्वाचौ | ९८६९३९६४९८ |
| ७१ | राधेश्याम कुशवाहा | हेल्थ असिस्टेन्ट | अस्पताल | ९८११८६६२२४ |
| ७२ | रमेश के.सी. | हेल्थ असिस्टेन्ट | स्वा.शा. | ९८६९०४५४०१ |
| ७३ | अंजली कुमारी साह | हेल्थ असिस्टेन्ट | स्वा.शा. | ९८०३६४७३३९ |
| ७४ | बिरेन्द्र खड्का | हेल्थ असिस्टेन्ट | कुस्वाचौ | ९८६५०४१२७९ |
| ७५ | रुपा थापा | हेल्थ असिस्टेन्ट | धु स्वा | ९८४७४४८८७२ |
| ७६ | चन्द्रमा के.सी. | मनोसामाजिक परामर्शकर्ता | स्वा.शा. | ९८६११७०७१४ |

सूचना अधिकारी

अनुसूचि-२

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार,लमजुङ
गण्डकी प्रदेश,नेपाल

☎०६६-४०२२२६

नगर कार्यपालिकाको कार्यालय सुन्दरबजार, लमजुङ गण्डकी प्रदेश, नेपाल

प.सं. (प्रशासन)०७७।७८
मिति:
च.नं.

सुन्दरबजार नगरपालिकाको ऐन,नियमावली,निर्देशिका,कार्यविधि

२०७४ :

१. सुन्दरबजार नगरपालिका नगर कार्यपालिका कार्यसम्पादन नियमावली,२०७४
२. सुन्दरबजार नगरपालिका नगर कार्यपालिका (कार्य विभाजन) नियमावली,२०७४
३. सुन्दरबजार नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण(कार्यविधि) नियमावली ,२०७४
४. सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको बैठक संचालन कार्यविधि २०७४
५. सुन्दरबजार नगरपालिकाको पदाधिकारीहरुको आचार संहिता २०७४
६. जेष्ठ नागरीक परिचय पत्र वितरण निर्देशिका २०७४
७. सुन्दरबजार नगरपालिका नगरकार्यपालिकाको बैठक संचालन सम्बन्धि कार्यविधि २०७४

२०७५ :

१. सुन्दरबजार नगरपलिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि,२०७५
२. सुन्दरबजार नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५
३. सुन्दरबजार नगरपालिकाको सहकारी ऐन , २०७५ (संशोधनसहित)
४. सुन्दरबजार नगरपालिकाको न्यायिक समिति (कार्यबिधि सम्बन्धी )ऐन ,२०७५
५. सुन्दरबजार नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५
६. सुन्दरबजार नगरपालिकाको पशु तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन ,२०७५
७. सुन्दरबजार नगरपालिकाको शिक्षा ऐन,२०७५
८. सुन्दरबजार नगरपालिकामा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्ने बनेको ऐन,२०७५
९. सुन्दरबजार नगरपालिकाको निर्माण व्यावसाय ऐन २०७५



प्रमाणित

सूचना अ

☎०६६-४०२२२६

सुन्दरबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार,लमजुङ
गण्डकी प्रदेश,नेपाल

१०. नगरबस संचालन कार्यविधि २०७५
११. अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि,२०७५
१२. नगरसभा संचालन सम्बन्धि कार्यविधि २०७५
१३. उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५

२०७६ :

१. सुन्दरबजार नगरपालिकाको जलश्रोत उपयोग तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७६
२. सुन्दरबजार नगरपालिका स्वास्थ्य संस्था दर्ता,नवीकरण,स्तरोन्नती तथा सेवा थप सम्बन्धी कार्यविधि २०७६
३. अस्पताल व्यवस्थापन समिति गठन निर्देशिका २०७६

२०७७ :

१. स्थानिय तहमा नियुक्ति पाएका छैटौ तहका अधिकृत कर्मचारीहरुको नामावली

२०७८:

१. वन ऐन २०७८
२. सुन्दरबजार नगरपालिकाको टेम्पा,अटो रिक्सा,रिक्सा व्यवस्थापन कार्यविधि २०७८
३. सुन्दरबजार नगरपालिकाको नगर शिक्षा ऐन,२०७५ लाई संशोधन गर्न बनेको ऐन २०७८
४. सुन्दरबजार नगरपालिकाको कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन २०७८

२०७९

१. प्रसुती गराउन स्वास्थ्य संस्थामा जाँदा एम्बुलेन्स सेवा नि:शुल्क उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९
२. सुन्दरबजार नगरपालिकाको नयाँ जन्मेका छोरीको नाममा बैंक खाता खोल्ने सम्बन्धी कार्यविधि, २०७९
३. सुन्दरबजार नगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७९
४. सुन्दरबजार नगरपालिकाको विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी निर्देशिका, २०७९
५. विद्यालय शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन निर्देशिका, २०७९
६. सुन्दरबजार नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, नवीकरण, स्तरोन्नती तथा सेवा थप सम्बन्धि कार्यविधि, २०७६ संसोधन

Website:www.sundarbazarmun.gov.npEmail:sundarbazarmun@gmail.com,info@sundarbazarmun.gov.np

☎०६६-४०२२२६

सुन्दरबजार नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सुन्दरबजार,लमजुङ

गण्डकी प्रदेश,नेपाल

७. सुन्दरबजार नगरपालिकाको भवन अभिलेखीकरण कार्यविधि, २०७८ संसोधन
८. सुन्दरबजार नगरपालिकाको स्वास्थ्य बिमा संयोजन समिति गठन/संचालन कार्यविधि-२०७९
९. सुन्दरबजार नगरपालिकामा रहेका सहकारी संस्था अनुगमन तथा निरीक्षण सम्बन्धी निर्देशिका, २०७९

**२०८०:**

१. उप प्रमुख जेहेनन्दार छात्रवृत्ति कार्यविधि, २०८०
२. मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका, २०८०
३. सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८०
४. उप-प्रमुख महिला उद्यमी प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८०
५. कृषि उत्पादन र पशुपालन पकेट कार्यक्रम संचालन कार्यविधि-२०८०
६. ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि-२०८०
७. विपन्न नागरिक स्वास्थ्य विमा सहयोग कार्यविधि-२०८०
८. आधा लागत सहभागितामा विपन्न नागरिकलाई गाई भैसी पालन अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८०
९. अस्थायी/करार कर्मचारी कल्याण कोष विनियामावली, २०८०

**२०८१:**

१. सुन्दरबजार नगरपालिकाको सहकारी ऐन २०७५ को चौथो संसोधन ऐन, २०८१
२. सुन्दरबजार नगरपालिकाको स्थानीय रोजगार रणनीति, २०८१
३. निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८१
४. सुन्दरबजार नगरपालिका भित्रका जग्गा वर्गीकरणका लागि भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु, २०८१
५. सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि, २०८१
६. सुन्दरबजार नगरपालिकाको सहकारी संस्थाको लेखापरीक्षण मापदण्ड, २०८१
७. सुन्दरबजार नगरपालिकाको सहकारी नीति, २०८१ (मस्यौदा)
८. लागत सहभागिता योजना संचालन कार्यविधि, २०८१
९. सुन्दरबजार नगरपालिकाको कार्यक्रम सञ्चालन निर्देशिका, २०८१
१०. सामुदायिक सिकाइ केन्द्रको सामाजिक परिचालक नियुक्ति सम्बन्धि कार्यविधि, २०८१
११. सुन्दरबजार नगरपालिकाको सामुदायिक विद्यालय लेखापरीक्षण कार्यविधि,२०८२
१२. सुन्दरबजार नगरपालिकाको नगर स्वास्थ्य नीति, २०८२
१३. सुन्दरबजार नगरपालिकाको नगर स्तरीय सहकारी सञ्जाल गठन कार्यविधि-२०८२

Website:www.sundarbazarmun.gov.npEmail:sundarbazarmun@gmail.com,info@sundarbazarmun.gov.np

प्रमाणित

सूचना अधिकारी

☎०६६-४०२२२६

सुन्दरबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार,लमजुङ
गण्डकी प्रदेश,नेपाल

१४. सुन्दरबजार नगरपालिकाको सहकारी विकास कोष परिचालन सम्बन्धी कार्यविधि-२०८२
१५. आर्थिक सहायता सम्बन्धि कार्यविधि

२०८२

१. सुन्दरबजार नगरपालिकाको विनियोजन ऐन २०८२

२.सुन्दरबजार नगरपालिकाको आर्थिक ऐन २०८२

ऐन : १४

कार्यविधि : ३०

निर्देशिका : ८

नियमावली : ३

विनियमावली : १

आचारसंहिता : १

मापदण्ड : २

निती : २

रणनिती : १

प्रमाणित

सूचना अधिकारी